# काठमाडौं महानगरपालिका

## नगर कार्यपालिकाको कार्यालय

## बागमती प्रदेश

**मिति २०८० जेठ ०१ गते बसेको पन्ध्रौं नगर कार्यपालिका बैठकका प्रस्ताव तथा निर्णयहरु:**

प्रस्ताव नं. १. काठमाडौं महानगरपालिकामा कार्यरत इन्जिनियर (अधिकृतस्तर सातौं) श्री ऋषिराम पुडासैनीको अध्ययन विदा स्वीकृत गर्ने सम्वन्धमा ।

**निर्णय :** इन्जिनियर (अधिकृत स्तर सातौं) पदमा कार्यरत श्री ऋषिराम पुडासैनीको माग बमोजिम University of Alberta, Edmonton, Alberta, Canada मा Master of Engineering (Crse) in Civil and Environment Engineering, Transportation Engineering मा ३(तीन) वर्ष अध्ययनको लागि स्थानीय सरकार सञ्चालन ऐन, २०७९ को दफा (५९) ५ अनुसार हुन निर्णय गरियो ।

प्रस्ताव नं. २. काठमाडौं महानगरपालिका वडा नं. २३ स्थित दैसाः पुनः निर्माण कार्यको लागि चालु आ.व.मा विनियोजित रकममा बजेट थप गर्ने सम्वन्धमा ।

**निर्णय :** का.म.पा. २३ स्थित दैसाः पुनःनिर्माण कार्यको लागि चालू आ.ब. ०७९।०८० मा रु. १,५०,००,०००।०० (एक करोड पचास लाख मात्र) विनियोजन गरिएको । उक्त जीर्ण भवन पुरातात्विक शैलीमा निर्माण गर्न आवश्यक भएको हुँदा सोही बमोजिमको लागत इष्टिमेट रु. २,५३,९०,७०४।४३ हुन आएको । सम्पदा तथा पर्यटन विभाग अन्तर्गतको खर्च संकेत नं. ३११५९ क.सं. ५७३ “विभिन्न स्थानमा मूर्त सम्पदा निर्माण कार्य” शिर्षकको एकमुष्ठ बजेट रकमबाट खर्च हुने गरी विनियोजित बजेटमा नपुग उक्त रु. १,०३,९०,७०४।४३ रकम स्वीकृतिको लागि निर्णय गरियो ।

प्रस्ताव नं. ३. काठमाडौं महानगरपालिका शिक्षा विभागबाट पेश हुन आएका तपशिल बमोजिमका विषयहरुमा निर्णय गर्ने सम्वन्धमा :

क) काठमाडौं महानगरपालिका वडा नं ६ बौद्ध स्थित महेन्द्र बौद्ध मा.वि मा कक्षा ६ देखि कक्षा ८ सम्म स्थानीय विषयको पठनपाठन तामाङ भाषामा गराउन तामाङ भाषा प्रशिक्षण सहायकलाई दिएको नियुक्ति अनुमोदन र पारिश्रमिक उपलव्ध गराउने सम्वन्धमा ।

**निर्णय :** काठमाडौं महानगरपालिका वडा नं ६ बौद्ध स्थित महेन्द्र बौद्ध मा.वि को आधारभूत तहको कक्षा १ देखि कक्षा ५ सम्म तामाङ भाषा प्रशिक्षण हुँदै आएकोमा शै.स.२०८० देखि कक्षा ६ देखि ८ सम्म स्थानीय विषयको पठनपाठन तामाङ भाषामा गर्न तामाङ भाषा प्रशिक्षण सहायक (शिक्षकं) व्यवस्था गर्न शिक्षा समितिबाट भएको निर्णय अनुमोदन गरी तामाङ भाषा

प्रशिक्षण सहायकलाई नेपालभाषा प्रशिक्षण सहायकलाई उपलव्ध गराए सरहको पारिश्रमिक उपलव्ध गराउने ।

ख) पूर्व प्राथमिक तहको बाल सहजकर्ताको नियुक्तिको अनुमोदन र पारिश्रमिक उपलब्ध गराउने सम्वन्धमा ।

**निर्णय** : काठमाडौं महानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयका पूर्व प्राथमिक तहमा एउटा पनि बाल विकास सहजकर्ता नभएका र विद्यार्थी संख्या ६० भन्दा बढी भएका १५ वटा विद्यालयमा बाल विकास सहजकर्ताको कोटा वितरण गर्ने शिक्षा समितिको निर्णय अनुमोदन गरी काठमाडौं महानगरपालिकाको आन्तरिक स्रोतबाट व्यहोर्ने गरी बाल विकास सहजकर्ताको पारिश्रमिक उपलव्ध गराउने ।

ग) सामुदायिक विद्यालयको शिक्षक दरबन्दी मिलान र प्रधानाध्यापक नियुक्ति सम्वन्धी कार्यविधि तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने सम्वन्धमा ।

**निर्णय** : (क) काठमाडौ महानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयको शिक्षक दरवन्दी मिलान तथा प्रधानाध्यापक व्यवस्थापन सम्बन्धी कार्यविधि तर्जुमा गर्न तपसिलको कार्यदल गठन गर्ने र उक्त कार्यदलले तयार गरेको कार्यविधिको मस्यौदा विधायन समितिमा पेश गर्न सैदान्तिक सहमति दिने ।

<u>तपसिल:</u>

| | |
|---|---|
| शिक्षा अधिकारी, शिक्षा विभाग, का.म.पा | -संयोजक |
| शिक्षा सल्लाहकार, का.म.पा | -सदस्य |
| का.म.पा शिक्षा समितिको प्रतिनिधि, राजेन्द्र अधिकारी | -सदस्य |
| प्रमुख कानून विभाग वा निजले तोकेको कानून अधिकृत | -सदस्य |
| उपनिर्देशक, सरस्वती पोखरेल, शिक्षा विभाग, का.म.पा | -सदस्य |
| शिक्षा अधिकारीले तोकेको शिक्षा अधिकृत का.म.पा | -सदस्य सचिव |

(ख) दरवन्दी मिलान कार्य सम्पन्न नभएसम्मका लागि जिल्लान्तर सरुवा नगर्ने ।

घ) सामुदायिक विद्यालयका स्रोत शिक्षक नियुक्तिको मापदण्ड तर्जुमा गर्न सैद्धान्तिक सहमति दिने सम्वन्धमा ।

**निर्णय** : काठमाडौं महानगरपालिका अन्तर्गतका सामुदायिक विद्यालयको अनुगमन, नियमन, पृष्ठपोषण, विद्यालय व्यवस्थापन समिति गठन, परीक्षा सञ्चालन तथा समग्र शैक्षिक गुणस्तर सुधारका लागि हालका ११ वटा स्रोत केन्द्रलाई यथावत राखी हाल कामकाज गरिराखेका स्रोत

व्यक्तिलाई यथावत राखी बाँकीमा खुला प्रतियोगिताको माध्यमबाट तोकिएको योग्यता हासिल गरेका जनशक्तिलाई स्रोत शिक्षकको रुपमा नियुक्ति गर्न तपसिलको कार्यदल गठन गरी स्रोत शिक्षक नियुक्ति मापदण्डको मस्यौदा तयार गरी विधायन समितिमा पेश गर्न सैद्धान्तिक सहमति दिने ।

तपसिल:

| | |
|---|---|
| शिक्षा अधिकारी, शिक्षा विभाग, का.म.पा | -संयोजक |
| शिक्षा सल्लाहकार, का.म.पा | -सदस्य |
| प्रमुख, कानून विभाग वा निजले तोकेको कानून अधिकृत | -सदस्य |
| उपनिर्देशक, सरस्वती पोखरेल, शिक्षा विभाग, का.म.पा | -सदस्य |
| शिक्षा अधिकारीले तोकेको शिक्षा अधिकृत का.म.पा | -सदस्य सचिव |

ङ) विजय स्मारक माध्यमिक विद्यालयको रातो स्टिकर लगाएको भवन भत्काई प्राप्त सामाग्रीको लिलाम विक्रिको लागि न्यूनतम मूल्य कायम गर्ने सम्वन्धमा ।

**निर्णय** : काठमाडौं महानगरपालिका वडा नं २९ डिल्लीबजार स्थित विजय स्मारक माध्यमिक विद्यालयको उपयोग गर्न नमिल्ने अवस्थामा रहेको रातो स्टीकर लगाएको भवन भत्काई प्राप्त सामाग्री लिलाम विक्रीका लागि न्यूनतम मूल्य जम्मा रु. जम्मा रु ७,८६,०००। ( अक्षेरुपी सात लाख छयासी हजार) मात्र कायम गरी उक्त विद्यालयबाट नै नियमानुसार प्रक्रिया अगाडि बढाउन जिम्मेवारी  दिने ।

च) काठमाडौं महानगरपालिका १६ वडास्थित शितला माध्यमिक विद्यालय र काठमाडौं महानगरपालिका १७ वडास्थित कन्या मन्दिर माध्यमिक विद्यालयमा प्रधानाध्यापक नियुक्ती गर्ने सम्वन्धमा ।

**निर्णय** : काठमाडौं महानगरपालिका अन्तर्गतका कन्या मन्दिर माध्यामिक विद्यालयका निमित्त प्रधानाध्यापक घनश्याम न्यौपाने र सितला माध्यमिक विद्यालयका निमित्ति प्रधानाध्यापक लक्ष्मण श्रेष्ठलाई काठमाडौं महानगरपालिका विद्यालय व्यवस्थापन नियमावली, २०७४ को नियम ५०(२) मा भएको व्यवस्था बमोजिम ५ वर्षका लागि प्रधानाध्यापक नियुक्ति गर्ने ।

प्रस्ताव नं. ४. काठमाडौं महानगरपालिका १५ वडा स्थित लचना बौद्धिक अपाङ्गता उत्थान समाज भवनको नक्सापास दस्तुर मिनाहा गर्ने सम्वन्धमा ।

**निर्णय** : काठमाडौं महानगरपालिका वडा नं. १५ अन्तर्गत कि.नं. ३० क्षेत्रफल २९५.६० मा बन्न लागेको लचना बौद्धिक अपाङ्गता उत्थान समाजको घरको नक्सा पास गर्दा लाग्ने दस्तुर रु. १ लाख २७ हजार ८ सय ५५ मिनाह गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ५. काठमाडौं महानगरपालिका वडा नं. २९ स्थित अखिल नेपाल भिक्षु महासंघ महाप्रज्ञा आश्रम (विहार) भवनको नक्सापास दस्तुर मिनाहा गर्ने सम्वन्धमा ।

**निर्णय** : काठमाडौं महानगरपालिका वडा नं. २९ घट्टेकुलोस्थित अखिल नेपाल भिक्षु महासंघको नाममा दर्ता कायम रहेको कि.नं. २५९ क्षे.फ. १८४.२० व.मि. जग्गा निर्माण हुन लागेको महाप्रज्ञा आश्रम (विहार) को नक्सापास गर्दा लाग्ने दस्तुर रु. १ लाख ८२ हजार ९ सय ९४ रुपैंया ३५ पैसा मिनाह गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ६. काठमाडौँ महानगरपालिका वडा नं. १२ स्थित जग्गा एकिकरण आयोजना र मिसिल तथा तथ्याङ्क शाखा रहेको ब्लक "A" भवन भत्काउने सम्वन्धमा ।

**निर्णय** : काठमाडौँ महानगरपालिका वडा नं. १२ स्थित जग्गा एकिकरण आयोजना र मिसिल तथा तथ्याङ्क शाखा रहेको ब्लक "A" भवन भत्काउने निर्णय गरियो ।

प्रस्ताव नं. ७. व्यवसाय दर्ता गर्न स्थलगत रुपमा खटिने जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सुविधा उपलब्ध गराउने सम्वन्धमा ।

**निर्णय** : व्यवसाय दर्ता गर्न स्थलगत रुपमा खटिने जनप्रतिनिधि तथा कर्मचारीहरुलाई सुविधा उपलब्ध कार्यको लागि हाल ठुला वडालाई रु. दुई लाख मझौला वडालाई रु. एकलाख पचास हजार र साना वडालाई रु. एक लाखका दरले आ.व. २०७९/०८० को स्वीकृत कार्यक्रम अर्न्तगतको क्र.स. नं. २०७ राजश्व अनुगमन टोली गठन तथा परिचालन खर्च शिर्षकको संकेत नं. २२६११ बाट निकासा हुने र अनुगमन निर्देशिका २०७९ को दफा १८ बमोजिम अनुगमन वापतको सुविधा उपलब्ध हुने गरी वडा कार्यालयलाई रकम निकासा गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ९. शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गर्ने सम्वन्धमा ।

**निर्णय** : शहरी स्वास्थ्य प्रवर्द्धन केन्द्र सञ्चालन तथा व्यवस्थापन कार्यविधि, २०८० स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १०. काठमाडौं महानगरपालिका सुवर्णपुर सम्पदा संरक्षण निर्देशिका, २०८० स्वीकृत गर्ने सम्वन्धमा ।

**निर्णय** : काठमाडौं महानगरपालिका सुवर्णपुर सम्पदा संरक्षण निर्देशिका, २०८० स्वीकृत गरी लागु गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. ११. काठमाडौँ महानगरपालिका वडा नं. २५ स्थित न्योह्खामा जेष्ठ नागरिक पार्क निर्माण गर्ने कार्यको लागि गुठी संस्थानसँग छलफल गरी सहमती गर्न काठमाडौँ महानगरपालिका वडा नं. २५ लाई अख्तियारी दिने सम्वन्धमा ।

निर्णय : विभागबाट सिफारीस भए वमोजिम गुठी संस्थानसंग छलफल गरी सहमती गर्न २५ वडा कार्यालयलाई अख्तियारी प्रदान गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १२. काठमाडौँ महानगरपालिका वडा नं. ७ चावहिलस्थित गणेशस्थानमा ढुंगा छाप्ने कार्यको स्थानान्तरण र म्याद थप गर्ने सम्वन्धमा ।

निर्णय : काठमाडौँ महानगरपालिका वडा नं. ७ चावहिलस्थित गणेशस्थानमा स्वीकृत भएको ढुंगा छाप्ने कार्य स्थान परिवर्तन गरी चारुमती विहार वरिपरि छाप्ने र सो निर्माण कार्यको म्याद २०८० असोज मसान्तसम्म थप गर्ने निर्णय गरियो ।

प्रस्ताव नं. १३. वि.पी. कोइराला मेमोरियल ट्रष्टलाई अनुदान उपलब्ध गराउने सम्वन्धमा ।

निर्णय : जननायक वि.पी. कोइराला स्मृती ट्रष्टलाई लागत अनुमान वमोजिमको रु. १,७३,६४,०३५/०१ (एक करोड त्रिहत्तर लाख चौसठ्ठी हजार पैतीस पैसा एक) अनुदान उपलब्ध गराउन सार्वजनिक निर्माण विभाग मार्फत सम्झौता गरी कार्यान्वयन गर्न प्रकृया अगाडि बढाउने निर्णय गरियो ।

प्रस्ताव नं. १४. शहरी व्यवस्थापन एवं सार्वजनिक सरोकारका १४ वटा विषयमा तत्काल आवश्यक सहयोग र समन्वयका लागि नेपाल सरकारलाई अनुरोध सहित ध्यानाकर्षण गराउने सम्वन्धमा ।

निर्णय:

शहरी व्यवस्थापन एवं सार्वजनिक सरोकारका तपशिल बमोजिमका विषयहरुमा तत्काल आवश्यक सहयोग र समन्वयका लागि नेपाल सरकारलाई ध्यानाकर्षण सहित अनुरोध गर्ने निर्णय गरियो ।

१. अव्यवस्थित बस्ति व्यवस्थापन, ट्राफिक लाइट व्यवस्थापन, मूर्ति चोरी सम्वन्धमा ।

२. विदेशी नियोगले मिचेको फुटपाथ सम्वन्धमा ।

३. सरकारी विद्यालयको लागि डिजिटल टि.भी. शिक्षक सरुवा तथा शिक्षकलाई समयमै तलब दिने सम्वन्धमा ।

४. सरकारी अस्पताल सरसफाइ, बिमा, सर्वोच्च अदालतले दिएको मन्त्रालयको माथिल्लो तल्ला भत्काउने आदेशको पालना सम्वन्धमा ।

५. एयरपोर्टको नक्सापास, एयरपोर्टको बर्खाको पानीले गर्दा पेप्सीकोला क्षेत्र डुबानको समाधान, एयरपोर्टमा रहेको नेपाल सम्वत् सुरु भएको ठाउँमा मूर्ति र पार्क बनाउने सम्वन्धमा ।

६. ५२ वर्षदेखि तिनकुनेमा सरकारले जग्गा मिचेपनि जग्गाधनीलाई मुअब्जा दिन आनाकानी, महानगरले पाउनुपर्ने घरबहाल कर नेपाल सरकारले उठाएको बारे, याङ्री र लार्के खोलाको पानी मेलम्चीमा जोडेर १२ महिना नै काठमाडौंमा मेलम्चीको पानी ल्याउने सम्वन्धमा ।

७. खोला कोरीडोर, खोला सरसफाइ, खोलामा फोहोर प्रशोधन प्लान्ट, अन्डरपास, बन्चरेमा लिचेडको व्यवस्थापन, माटो क्यापिङको व्यवस्थापन, साइटको ग्यास पाईपको व्यवस्थापन, बैकल्पिक बाटोको व्यवस्थापन, काठमाडौंमै फोहोर व्यवस्थापन गर्न कानुन र जग्गा सम्वन्धमा ।

८. रिङरोड बिस्तार र उपत्यका यातायात प्राधिकरण गठन सम्वन्धमा ।

९. ISP र टेलिकमबिच एकिकृत पुर्वाधार सञ्चालन बारे जसले गर्दा देशभर पोलमा तार व्यवस्थापन गर्ने सम्वन्धमा ।

१०. सडक बत्ति अव्यवस्थित रहेकोलाई व्यवस्थापनमा सहयोग गर्ने सम्वन्धमा ।

११. मेलम्चीको पानी र पाइप व्यवस्थापन, KUKL को उचित व्यवस्थापन सम्वन्धमा ।

१२. सहकारी नियमावली, सहकारी कानुन, सार्वजनिक जग्गा संरक्षण सम्वन्धमा ।

१३. तिनकुने विवाद पहल, कर्मचारी सुरुवा सम्वन्धमा ।

१४. मल खरिद तथा उपत्यकामा आउने तरकारीको विषाधी परिक्षण सम्वन्धमा ।

प्रस्ताव नं. १५. विविध:

क) काठमाडौँ महानगरपालिका वडा नं. २८ स्थित पुतली सडक गणेश गल्लीमा बसोबास गर्ने निवेदक नानु श्रेष्ठको घरमा ग्यास सिलिण्डर पड्किन गई आगाागी भएकोले राहत माग गरेको सम्वन्धमा ।

**निर्णय** : काठमाडौँ महानगरपालिका वडा नं. २८ स्थित पुतली सडक गणेश गल्लीमा बसोबास गर्ने निवेदक नानु श्रेष्ठको घरमा ग्यास सिलिण्डर पड्किन गई आगलागी भएकोले निजलाई क्षतिपूर्ति उपलब्ध गराउने सम्वन्धमा विपद व्यवस्थापन विभाग मार्फत सम्वन्धित ग्यास उद्योगलाई पत्राचार गर्न निर्देशन दिने निर्णय गरियो ।

ख) काठमाडौँ महानगरपालिका वडा नं. २९ घट्टेकुलोस्थित निरु गुरागाईको घरमा डेरा गरी बस्ने निवेदक आरती जोशीको कोठामा ग्यास सिलिण्डर पड्किन गई आगलागी भएकोले राहत माग गरेको सम्वन्धमा ।

**निर्णय** : काठमाडौँ महानगरपालिका वडा नं. २९ घट्टेकुलोस्थित निरु गुरागाईको घरमा डेरा गरी बस्ने निवेदक आरती जोशी समेत ३ जना बस्ने कोठामा ग्यास सिलिण्डर पड्किन गई आगलागी भएकोले निजलाई क्षतिपूर्ति उपलब्ध गराउने सम्वन्धमा विपद व्यवस्थापन विभाग मार्फत सम्वन्धित ग्यास उद्योगलाई पत्राचार गर्न निर्देशन दिने निर्णय गरियो ।

ग) काठमाडौँ महानगरपालिका वडा नं. १० बस्ने करदाता श्री सुरेन्द्र शाहको नामबाट वडा स्थित फोनपेबाट सम्पत्ती कर तिर्दा तिर्नुपर्ने रकम भन्दा बढी तिरेको रकम फिर्ता सम्वन्धमा ।

**निर्णय** : काठमाडौँ महानगरपालिका वडा नं. १० बस्ने करदाता श्री सुरेन्द्र शाहको नामबाट वडा स्थित फानपेबाट सम्पत्ती कर तिर्दा तिर्नुपर्ने रकम रकम २१५८।५८ भुक्तानी हुनुपर्नेमा २१५८९।- भुक्तानी भएकोले बढी भएको रकम रु. १९,४३०।४२ (उन्नाइस हजार चार सय तीस बयालीस पैसा) निज करदातालाई भुक्तानी गर्ने निर्णय गरियो ।

घ) काठमाडौँ महानगरपालिकामा कार्यरत मेकानिकल हेल्पर श्री सुनिल शर्मालाई उपचार खर्च उपलब्ध गराउने सम्वन्धमा ।

**निर्णय** : काठमाडौँ महानगरपालिकामा कार्यरत मेकानिकल हेल्पर श्री सुनिल शर्मालाई मेडिकल बोर्डको आधारमा बिल बमोजिम रु. ५,००,०००।- (पाँच लाख) औषधि उपचार खर्च उपलब्ध गराउने निर्णय गरियो ।

ङ) काठमाडौं महानगरपालिकामा विगत लामो समयदेखि अस्थायी/ करारमा कार्यरत कर्मचारीहरुलाई स्थायी गर्ने सम्वन्धी कार्यविधि निर्माण गर्न सैद्धान्तिक सहमति दिने सम्वन्धमा ।

**निर्णय** : काठमाडौं महानगरपालिकामा विगत लामो समयदेखि अस्थायी/ करारमा कार्यरत कर्मचारीहरुका सम्वन्धमा सम्मानित सर्वोच्च अदालतको फैसला कार्यान्वयनका लागि कार्यविधि तर्जुमा गर्न प्रशासन विभागका विभागीय प्रमुखको संयोजकत्वमा कार्यदल गठन गर्न र सो मस्यौदा तयार गर्नका लागि सैद्धान्तिक सहमति दिने निर्णय गरियो ।

छ) चालु आर्थिक वर्ष २०७९/०८० को स्वीकृत बार्षिक बजेट तथा कार्यक्रममा विभिन्न शिर्षकहरुमा विनियोजित बजेटमा हालसम्म खर्च भई नपुग हुने शिर्षकहरुमा बचत भएको शिर्षकहरुबाट रकमान्तर गर्ने सम्वन्धमा ।

**निर्णय** : स्थानीय सरकार ऐन, २०७५ नियम ७९ मा कार्यपालिकाले स्वीकृत बार्षिक बजेटको अधीनमा रही कुनै शीर्षकबाट पूंजीगत शीर्षकमा २५ प्रतिशतमा नबढाई रकमान्तर गर्न सक्ने प्रावधान रहेको छ । काठमाडौं महानगरपालिकाको विनियोजन ऐन, २०७९ नियम ४ (२) मा विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नगर कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकमान्तर गर्न सक्ने ब्यवस्था बमोजिम तपसिल बमोजिमका शीर्षकमा रकमान्तर स्वीकृत गर्ने निर्णय गरियो ।

तपशिलः

| लेखा संकेत | खर्च शीर्षक | आयश्रोत | बार्षिक बजेट | थप गर्ने बजेट | घटाउने बजेट | संशोधित बजेट रकम |
|---|---|---|---|---|---|---|
| ३११२२ | मेशनरी तथा औजार खरिद | आन्तरिक | ५०,०००,०००.०० | १२,५००,०००.०० | | ६२,५००,०००.०० |
| ३११२३ | फर्निचर तथा फिटिङ्ग | आन्तरिक | २५,०००,०००.०० | ६,२५०,०००.०० | | ३१,२५०,०००.०० |
| ३११२२ | टु पोस्ट लिफ्ट तथा टुल्सहरु | आन्तरिक | २०,०००,०००.०० | | १८,७५०,०००.०० | १,२५०,०००.०० |
| २८२११ | राजश्व फिर्ता | आन्तरिक | ५,०००,०००.०० | १,२५०,०००.०० | | ६,२५०,०००.०० |
| २८२१९ | दायित्व भुक्तानी खर्च | आन्तरिक | २१,४००,०००.०० | | १,२५०,०००.०० | २०,१५०,०००.०० |
| जम्मा रकम | | | १२१,४००,०००.०० | २०,०००,०००.०० | २०,०००,०००.०० | १२१,४००,०००.०० |

ज) जनप्रतिनिधि तथा कर्मचारीहरुको वैदेशिक भ्रमण सम्वन्धमा ।

**निर्णय** : पेश भए बमोजिम भ्रमण अनुमोदन गर्ने र भ्रमण सहमतिका **लागि** संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयमा लेखि पठाउने ।